**बैठक संख्याः** १५
**मितिः** २०८०/१०/०७
**प्रारम्भः** बिहान ११:३० बजे
**अन्त्यः** २:५० बजे

यस समितिको आजको बैठक समितिका **माननीय सभापति डा. आरजु राणा**को सभापतित्वमा बस्यो। बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम रहेको छः-

**पदेन सदस्यः**

| क्र.स. | पद, नाम र थर | हस्ताक्षर |
|---|---|---|
| १. | सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल | |
| २. | माननीय कृषि तथा पशुपंक्षी विकास मन्त्री डा. बेदुराम भुसाल | |
| ३. | माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री रञ्जिता श्रेष्ठ | |
| ४. | माननीय वन तथा वातावरण मन्त्री डा. विरेन्द्र प्रसाद महतो | |

**सदस्यः**

| क्र.स. | पद, नाम र थर | हस्ताक्षर |
|---|---|---|
| १. | **मा० डा. आरजु राणा - सभापति** | ✓ |
| २. | मा० अनिशा नेपाली - सदस्य | ✓ |
| ३. | मा० अम्मर बहादुर थापा - सदस्य | |
| ४. | मा० अमृत लाल राजवंशी - सदस्य | ✓ |
| ५. | मा० अशोक कुमार चौधरी - सदस्य | ✓ |
| ६. | मा० कुसुमदेवी थापा - सदस्य | ✓ |
| ७. | मा० गंगा प्रसाद यादव - सदस्य | |
| ८. | मा० ज्वाला कुमारी साह - सदस्य | |
| ९. | मा० डिल्ली राज पन्त - सदस्य | |

| क्र.स. | पद, नाम र थर | हस्ताक्षर |
|---|---|---|
| १०. | मा० दिक्पाल कुमार शाही - सदस्य | |
| ११. | मा० नवल किसोर साह सुडी - सदस्य | |
| १२. | मा० बिना कुमारी थनैत - सदस्य | ✓ |
| १३. | मा० बिनिता कठायत - सदस्य | |
| १४. | मा० मानबीर राई - सदस्य | ✓ |
| १५. | मा० मिना तामाङ - सदस्य | ✓ |
| १६. | मा० योगेन्द्र मण्डल - सदस्य | |
| १७. | मा० रुपा वि.क. - सदस्य | ✓ |
| १८. | मा० रुपा सो.शी. चौधरी - सदस्य | |
| १९. | मा० विजुला रायमाझी - सदस्य | |
| २०. | मा० विर बहादुर बलायर - सदस्य | ✓ |
| २१. | मा० विष्णु कुमार कार्की - सदस्य | |
| २२. | मा० सरस्वती सुब्बा - सदस्य | ✓ |
| २३. | मा० सूर्य कुमारी श्रेष्ठ - सदस्य | ✓ |
| २४. | मा० सूर्य प्रसाद ढकाल - सदस्य | ✓ |
| २५. | मा० सोनु सुर्मु - सदस्य | |

आमन्त्रितः

| क्र.सं. | | पद, निकाय | दस्तखत | संपर्क नं. |
|---|---|---|---|---|
| १. | श्री गोकर्णमणि दुवाडी | सचिव, भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ✓ | ९८५१३२२२२२ |
| २. | श्री काशिराज दाहाल | अध्यक्ष, समस्याग्रस्त सहकारी व्यावस्थापन समिति | ✓ | ९८५१०२२२६८ |
| ३. | श्री पिताम्बर घिमिरे | रजिष्टार, सहकारी विभाग | ✓ | ९८५११८६७७७ |
| ४. | श्री केशव प्रसाद पौडेल | सदस्य सचिव, समस्याग्रस्त सहकारी व्यावस्थापन समिति | ✓ | ९८५१३१३०७४ |
| ५. | सुनिता श्रेष्ठ | सरोकारवाला | ✓ | ९८४१२२७०३८ |
| ६. | राजु श्रेष्ठ | सरोकारवाला | ✓ | ९८०८१६७०९० |

## छलफल तथा निर्णय

कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको आजको बैठक समितिका माननीय सभापति डा. आरजु राणाको सभापतित्वमा बस्यो। बैठकले देहाय बमोजिमको निर्णय गऱ्योः-

१) सहकारीको स्रोत तथा पूँजीलाई सहकारीका सिद्धान्तको प्रतिकूल हुनेगरी सहकारी संस्थाहरुले कार्य गर्दै आएका पाइएको, कतिपय सहकारी संस्थाहरुले सहकारीको मर्म बिपरित अनुत्पादक क्षेत्र ( Housing, Apartment , Hydro ) मा लगानी गर्ने गरेको तथा आफ्ना सदस्यहरुको आय-आर्जन वृद्धि,, रोजगारी प्रबर्द्धन तथा उत्पादनमूलक क्षेत्रमा न्यून लगानी गर्ने गरेको हुँदा अधिकांश सहकारी संस्थाहरुमा तरलता अभाव भई उत्पादनशील क्षेत्रमा लगानी प्रोत्साहन हुन नसकी जोखिम तथा समस्याग्रस्त अवस्थामा पुगेकाले सहकारीका सिद्धान्त विपरित हुने गरेका यस प्रकारका कार्य तत्काल रोक्न र बचत तथा ऋण लगानीमा आधारित सहकारी संस्थाहरुको स्वनियमन र सुशासनमा कडाइ गर्ने नीतिगत व्यवस्था गर्न प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय एवं भूमि व्यावस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई निर्देशन दिने ।

२) सहकारी ऐन, २०७४ मा भएका कतिपय व्यवस्था लागु भएपनि कतिपय प्रावधानहरु लागु गर्नको लागि यस ऐनसँग सम्बन्धित अन्य ऐन तथा कानूनहरु मिलाउन नसक्दा ऐन कार्यान्वयन सहि ढंगले हुन नसकेकोले सहकारी ऐनसँग सम्बन्धित रहेका अन्य ऐन/कानूनहरु आवश्यकतानुसार संशोधन गरी कार्यान्वयनमा सहजता ल्याउने विषयमा आवश्यक पहल गर्न प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय एवं भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई निर्देशन दिने ।

३) सहकारी संस्थाहरुको प्रभाबकारिता अभिबृद्धि गर्ने कार्यका लागि सहकारीको संरचनागत तथा संस्थागत सुधार, यसको बर्गीकरण, एकीकरण तथा स्तरीकरण गर्ने र बैंकिङ्गस्वरुपमा कार्य गर्ने ठूला सहकारी संस्थाहरुको अनुगमन, सुपरीवेक्षण एवं नियमन गर्ने कार्य नेपाल सरकारले उच्चस्तरीय संयन्त्र गठन गरी हुने व्यवस्था तत्काल मिलाउन प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई निर्देशन दिने ।

४) संघीयता लागु भएपछि तहगत सरकारका क्षेत्राधिकार र समन्वयमा स्पटता हुन नसक्दा सहकारी क्षेत्रको अनुगमन र नियमनमा अलमल र अन्योलताका कारणले सहकारी संस्थाहरुले मनोमानी तवरबाट कार्य सम्पादन गर्ने गरेको, बचत तथा ऋण लगानीकर्ताको पीरमर्का समयमा सुनवाइ हुने अवस्था नरहेकोले तीनओटै सरकारबाट हुने अनुगमन तथा मूल्यांकन र आपसी समन्वय गर्ने कार्य संघीय सरकारबाट हुने व्यवस्था मिलाई सहकारीको प्रवर्द्धन तथा प्रभावकारिता अभिवृद्धी गर्न प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय तथा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई निर्देशन दिने ।

५) समस्याग्रस्त सहकारी व्यावस्थापन समितिको कार्यक्षेत्र तथा यसको दायरा फराकिलो बनाई सहकारीले लगानी गरेका Hydro, Apartment तथा Housing समेतको विषय थप हुनेगरी बिस्तार गर्ने र त्यस्ता सहकारी संस्थाहरुबाट पीडित भएका व्यक्तिहरुलाई समेत न्याय दिन सक्नेगरी उक्त समितिलाई कार्यादेश दिई कार्यसम्पादन गराउन र उक्त समितिका लागि चाहिने आवश्यक जनशक्ति, सवारी साधन लगायतका भौतिक स्रोतसाधन र आवश्यक सुरक्षा समेतको प्रभावकारी व्यवस्था गर्न प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई निर्देशन दिने ।

६) कतिपय सहकारी संस्थाहरुको स्थापना, केबल राज्यबाट अनुदान लिने प्रयोजनको लागि मात्र भएको पाइएकोले सहकारी संस्था दर्ता गर्नुपुर्व यसको आवश्यकता र औचित्यका आधारमा मात्र सहकारी दर्ताका लागि अनुमती दिने र सहकारी संस्थाहरुलाई अनुदान दिनुपर्ने अवस्थामा

स्थापनाको निश्चित समयावधि, कार्यसम्पादनको अवस्था र आवश्यकताको आधारमा मात्र दिने व्यवस्था कडाइकासाथ लागु गर्न भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई निर्देशन दिने।

७) सबै सहकारी संस्थाहरुलाई एउटै श्रेणी (category) मा राख्दा प्रभावकारीरुपमा सञ्चालनमा रहेका सहकारी संस्थाहरुका बचतकर्ताहरु समेत सहकारीप्रति सशंकित भई बचतकर्ताहरुले एकैपटक बचत फिर्ता माग्ने अवस्था रहँदा धेरै सहकारी संस्थाहरु झन समस्यामा परेको देखिएकोले सहकारी संस्थाहरुको आवश्यकता अनुसार अनुगमन गरी कार्यसम्पादनका आधारमा समस्यामा रहेका सहकारी संस्थाहरुको वर्गिकरण गर्ने र खराब कार्यसम्पादन गरेका सहकारी संस्थाहरुको आवश्यकता अनुसार नियमन, अनुगमन, नियन्त्रण, दण्ड तथा पुरस्कारको प्रभावकारी प्रणाली अपनाई सहकारीको रकम हिनामिना गर्ने उदेश्यबाट कार्य भएका सहकारी संस्थाहरुलाई कालो सूचीमा राखी जनताको बचत फिर्ता गराउन राज्यबाट आवश्यक पहल गरी बचतकर्ताहरुलाई न्याय दिने कार्य तत्काल थालनी गर्न भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई निर्देशन दिने।

८) भारतीय दुतावासको No KAT/DP & R/2024/05 को पत्रबाट माग भएअनुसारको भारतको हिमाञ्चल प्रदेशमा यहि जनवरी र मार्चको बीचमा सञ्चालन हुने बाँदरको बन्ध्याकरण सम्बन्धी तालिम कार्यक्रममा १० जना पशु चिकित्सक र ५ जना रेन्जर तथा फरेष्टरको नामावली सम्बन्धित मन्त्रालयसँग माग गरी पठाउने र त्यसको अवलोकन तथा अध्ययन भ्रमणमा यस समितिबाट जान इच्छुक माननीय र कर्मचारीहरुको नामावली पठाई आवश्यक प्रकृया अगाडि बढाउन सचिवालयलाई निर्देशन दिने ।